

# महिला प्रजनन् स्वास्थ्य समस्या

कारण | रोकथाम | उपचार


महिला स्वस्थ भए मात्र परिवार स्वस्थ रहन सक्छ।
महिला स्वास्थ्य शिविर


END FISTULA IN NEPAL
ACTIVITY AND STATUS
WOREC Nepal
Abhiram Roy


Dharan, Nepal
Obstetric Fistula Repair and Training
29th November - 5th December, 2010





# प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारीहरू



## प्रजनन् स्वास्थ्य भनेको के हो ?

प्रजनन् स्वास्थ्य भन्नाले प्रजनन् प्रणाली, यसको कार्य र प्रजनन् प्रक्रियाको सन्दर्भमा निरोगी वा विरामी नहुनु मात्र नभई शारीरिक, मानसिक तथा सामाजिक रूपमा पूर्ण स्वस्थ रहनु हो । प्रजनन् स्वास्थ्य भित्र निम्न कुराहरू पर्दछ । सुरक्षित यौन जीवनयापन गर्न पाउनु, सन्तान जन्माउन सक्षम हुनु, कहिले र कति सन्तान जन्माउने भन्ने कुराको निर्णय आफैले स्वतन्त्रतापूर्वक गर्न पाउनु, महिलालाई प्रचलित कानुन विपरीत नहुने गरी आफ्नो मासिक चक्र अथवा प्रजनन्लाई नियमित गराउन सक्ने अधिकार प्राप्त हुनु, गर्भ निरोधक साधनहरूको पूर्ण जानकारी प्राप्त गर्ने तथा प्रभावकारी गर्भ निरोधक साधन स्वतन्त्र रूपले छनौट गर्ने अधिकार प्राप्त हुनु, महिलाका लागि सुरक्षित रूपमा प्रसूति हुने तथा स्वस्थ शिशु जन्माउनका लागि उपयुक्त स्वास्थ्य सेवाका सुविधा उपलब्ध हुनु । यसका साथै लैङ्गिक समानता, महिला सशक्तीकरण तथा मानिसको जीवनचक्रको प्रत्येक अवस्थामा उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुनु प्रजनन् स्वास्थ्य हो ।



## प्रजनन् स्वास्थ्य अधिकार भनेको के हो ?

मानवले स्वस्थ रहन पाउनुपर्ने स्वास्थ्यसम्बन्धी अधिकार राज्यबाट नै व्यवस्था हुनुपर्छ । नेपालले विश्व मानव अधिकार घोषणापत्रमा हस्ताक्षर गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धनको लागि प्रतिबद्धता जनाएको छ । संयुक्त राष्ट्र सङ्घद्वारा मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा केन्द्रित हुँदै तयार भएको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा १२ मा प्राथमिक स्वास्थ्य तथा महिला प्रजनन् स्वास्थ्य सेवालाई राज्यको दायित्वको रूपमा पहिचान गरिएको छ । यसै गरी आल्माता-आटा घोषणाको धारा २५.२ र २५.३, सबै प्रकारका जातीय विभेद उन्मुलनसम्बन्धी महासन्धिको धारा ५, महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (१९७९) को धारा १२ ले स्वास्थ्य क्षेत्रमा महिलामाथि हुने भेदभाव विरूद्धको अधिकार प्रदान गरेको छ । त्यसअन्तर्गत महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरू लगायत स्वास्थ्य, सेवा, स्याहार बिना कुनै भेदभाव पुरुषसरह प्रदान गर्नुपर्ने व्यवस्था गरेको पाईन्छ । साथै

सोही महासन्धिको धारा १२ (२) ले उपयुक्त मातृ तथा शिशु स्वास्थ्य सेवा पुऱ्याउने व्यवस्था गरेको छ, साथै १९९४ मा भएको कायरो सम्मेलन (आ.सी.पी.डी) र १९९५ मा भएको बेइजिङ् सम्मेलनमा यौन तथा प्रजनन् स्वास्थ्य अधिकारलाई पहिचान, प्रवर्द्धन र संरक्षण दिएको छ ।



## स्वास्थ्य अधिकारमा विभेद हुने कारण

महिला पुरुष दुवैलाई प्रजनन् स्वास्थ्यका बारेमा जानकारी आवश्यक हुन्छ । प्रजनन् कार्यका महत्वपूर्ण भूमिका खेल्ने महिला पुरुष दुवैमा समानता र आदर भए मात्र व्यक्तिले प्रजनन् स्वास्थ्य सुरक्षित हुनसक्दछ ।

हाम्रो समाजमा महिलाहरू दोस्रो दर्जामा स्थापित छन् । उनीहरूलाई आफनो यौन वा प्रजनन् जीवनका बारेमा निर्णय गर्ने अधिकार छैन । यसको कारण महिलाहरूमा बढी प्रजनन् स्वास्थ्य समस्या देखिन्छ । समाजमा उनीहरूलाई दिइएको स्थितिले गर्दा उनीहरू यी समस्याहरू बाहिर ल्याउन सक्दैनन् । ल्याइ हाले पनि त्यसलाई राम्रो मानिदैन ।

स्वास्थ्य सेवाको तहमा पनि उनीहरूलाई आवश्यक पर्ने सेवा सहज रूपले उपलब्ध छैन ।

यो स्थितिले महिला पुरुष दुवैको प्रजनन् स्वास्थ्यमा असर पारेको छ । तर समाजमा रहेको महिलाप्रतिको विभेदपूर्ण व्यवहारका कारण महिलाहरूमाथि विभिन्न प्रकारका हिंसाहरू हुने गरेका छन् । यस्ता हिंसाहरूले उनीहरूको प्रजनन् स्वास्थ्यमा गम्भीर असरहरू पारेका छन् ।

महिलामाथि हुने हिंसाले उनीहरूको प्रजनन् स्वास्थ्यमा पार्ने असरहरूका केही उदाहरणहरू :

- **यौन तथा प्रजनन् स्वास्थ्य समस्या :** यौन दुर्व्यवहारको कारण अनिच्छित गर्भ धारण, यौनरोग तथा एच.आई.भी/एड्सको संक्रमण, गर्भपतन हुनु, गर्भ तुहिनु, बाँझोपन हुनु, तल्लो पेट दुख्नु, पाठेघर खस्नु, रक्तअल्पता हुनु, पिसाव चुहिरहनु (फिस्टुला) जस्ता स्वास्थ्य समस्या हुनु ।





- **शरीरिक स्वास्थ्यमा समस्याः** शारीरिक चोटपटक लाग्नु, घाइते हुनु, जलाउनु, निलडाम हुनु, टाउको दुख्नु, जिउ दुख्नु, पेट दुख्नु, मांसपेशी दुख्नु र लामो समयसम्म शरीरका विभिन्न अङ्गहरू दुखिरहनु ।
- **मानसिक स्वास्थ्यमा समस्याः** चिन्तित रहनु, खान मन नलाग्नु, निद्रा नलाग्नु, कसैसँग बोल्न मन नलाग्नु, डर लाग्नु, तर्सिनु, झस्कनु आदि ।

## प्रजनन् स्वास्थ्य समस्याका प्रमुख कारणहरू :




१. प्रजनन् स्वास्थ्यलाई बच्चा जन्माउने र गर्भवती भएको बेलामा मात्र आवश्यक पर्ने सेवाको रूपमा लिने व्यवस्था

- महिलामुखी स्वास्थ्य सेवा नहुनु,
- सबै गर्भवती र सुत्केरी महिलाको स्वास्थ्य सेवामा पहुँच नहुनु,

## २. महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणका कारण उत्पन्न विभेदकारी परिणामहरू जस्तै

- महिलाले आफ्नो यौन र प्रजनन् सम्बन्धी निर्णय आफै गर्न नपाउने वातावरण/मान्यता,
- सानो उमेरमा विवाह र छोरा पाउनै पर्ने मान्यताका कारण धेरै बच्चाहरू जन्माउनु पर्ने बाध्यता,
- जवरजस्ती यौनसम्पर्क/असुरक्षित यौनसम्पर्क राख्न बाध्य हुनु,
- यौनशोषण, बलात्कार जस्ता हिंसाहरू



## ३. महिलाको कामलाई मान्यता नदिनु

- सुत्केरी अवस्थामा समेत काम गर्नु पर्दा आराम नपाउनु,
- महिलाको आर्थिक, निर्णय गर्ने ठाउँहरू जस्ता राजनैतिक स्रोतहरूमाथि पहुँच नहुनु,



- गर्भवती अवस्था पोषिलो खानेकुरा खान नपाउनु
- महिलामाथि कामको अत्याधिक बोध,
- महिलालाई बच्चा जन्माउने साधनको रूपमा मात्रै हेर्ने प्रचलन

### ४. नीति र कार्यगत कमजोरीहरू

- महिलामुखी स्वास्थ्य सेवा उपलब्ध नहुनु,
- सबै उमेरमा महिलाहरूलाई आवश्यक पर्ने सेवाहरू उपलब्ध नहुनु,
- हेल्थपोष्ट खोल्ने समय महिला अनुकूल नभएको, स्वास्थ्य सेवा तथा सूचना र परामर्श जस्ता आवश्यक सेवाबाट महिलाहरू वञ्चित हुनु,

माथि उल्लेखित कारणहरू प्रजनन् स्वास्थ्य समस्याका केही कारणहरू हुन् । तर मूल कारणको रूपमा महिलालाई हेर्ने "विभेदपूर्ण दृष्टिकोण" उनको आफ्नो "शरीरमाथि आफ्नो नियन्त्रण" हुने वातावरण नहुनु र सबै प्रकारका स्रोतहरूमाथि उनको सही पहुँच नभएको स्थिति हो ।

## हाल हामीकहाँ देखिएका प्रमुख प्रजनन् स्वास्थ्य समस्या र तिनको व्यवस्थापन :

### १. आङ्ग खस्ने



आङ्ग खस्ने समस्याका मुख्य कारणहरू :

- बच्चा जन्माउने बखतमा दक्ष प्राविधिकको सहयोग प्राप्त नहुनु,
- वर्षेनी बच्चा जन्माउनु (छोराको आशामा),
- सानो उमेरमा विवाह हुनु र इच्छा विपरीत यौनसम्पर्क राख्न बाध्य बनाइनु,
- सुत्केरी अवस्थामा नै गह्रौं भारी उचाल्नु, टुक्रुक्क बसेर काम गर्न बाध्य हुनु,
- गर्भवती/ सुत्केरी अवस्थामा पेटभरी पोसिलो खाना र आराम गर्न नपाउनु,
- सुत्केरी र गर्भवती अवस्थामा विभिन्न प्रकारका हिंसा खप्न बाध्य बनाइनु ।

रोकथामका उपायहरू :

- सबै गर्भवती र सुत्केरी महिलाहरूका लागि दक्ष प्राविधिकको सहयोग उपलब्ध गराउने,
- २० वर्षपछि मात्र विवाह गर्ने,




- कम्तीमा २ वर्षको फरकमा मात्रै २ वटासम्म बच्चा जन्माउने, छोराको आसमा धेरै बच्चा जन्माउन बाध्य नगराउने,
- गर्भवती र सुत्केरी अवस्थामा उपयुक्त खाना र आराम गर्न सक्ने वातावरण निमार्ण गर्ने,
- गर्भवती र सुत्केरी अवस्थामा नियमित जाँच र उचित सहयोग उपलब्ध गराउने,
- सुत्केरी अवस्थामा गह्रौं भारी उचाल्न र काम गर्न दिने,
- घरेलु हिंसाको अन्त्य गर्ने ।

## उपचारका विधिहरू:

- सुत्केरी भएपछि पाठेघर र योनी वरिपरिका मांशपेशी बलियो बनाउने व्यायाम गर्ने,
- उचित खानपान र आरामको व्यवस्था मिलाउने,
- स्वास्थ्यकर्मीको सहयोग लिई अस्थाई सहयोगका लागि रिङ्ग पेसरी राख्ने । यस्तो रिङ्ग पेसरी ३–३ महिनामा फेर्ने ।
- यो समस्याको पूर्ण समाधान शल्यक्रियाद्वारा गर्नुपर्दछ । त्यसैले उपयुक्त व्यवस्था मिलाई शल्यक्रियाका लागि स्वास्थ्य केन्द्रमा जाने ।

## २. यौन रोगहरूः प्रजनन् नलीको संक्रमण



### प्रजनन् नलीको संक्रमणका मुख्य कारणहरूः

- असुरक्षित यौनसम्पर्क (कण्डमको प्रयोग विना) राख्न बाध्य हुनाले,
- यौनाङ्गहरूको सरसफाइ राम्ररी नगर्नाले,
- महिनावारी हुँदा सफा कपडा/प्याड प्रयोग नगर्नाले,
- कपर-टी जस्ता परिवार नियोजनको साधन राख्नेले नियमित परिश्रम नगर्नाले,
- असुरक्षित गर्भपतन वा अन्य कुनै कारणले असुरक्षित तवरले पाठेघर सफा गर्नाले,
- जवरजस्ती यौनसम्पर्क राख्नाले,
- घरेलु हिंसा र यौनिक हिंसाका कारण ।

### रोकथामका उपायहरूः

- सुरक्षित यौनसर्म्पक राख्ने वातावरण निर्माण गर्ने र सुरक्षित यौनसर्म्पक मात्र राख्ने,
- सानै उमेरदेखि यौन शिक्षा प्रदान गर्ने,

- यौनस्वास्थ्य र सरसफाइको बारे ज्ञान प्रबर्द्धन गर्ने,
- कपर-टी राखेका महिलाले नियमित स्वास्थ्य जाँच गराउने,
- आवश्यकता भए मात्र सुरक्षित तवरले गर्भपतन गराउने । र दक्ष प्राविधिकसँग आवश्यक भए मात्र पाठेघर सफा गराउने,
- महिनावारी हुँदा प्रयोग गर्ने कपडा राम्ररी साबुन पानीले धोएर सफा पानीले पखालेर घाममा सुकाई मात्र फेरि प्रयोग गर्ने, अथवा प्याड प्रयोग गर्ने
- महिलाको शरीरमाथि महिलाको नियन्त्रण हुन्छ भन्ने मान्यता प्रवर्द्धन गर्ने,
- घरेलु हिंसा तथा यौन हिंसामा नियन्त्रण र अपराधीलाई कारवाही गर्ने,
- जवरजस्ती यौनसम्पर्क राख्ने व्यवहार अन्त्य गर्न सूचना, शिक्षा प्रवाह गर्ने ।

## उपचारका विधिहरू:

- तल्लो पेट दुख्ने वा सामान्यभन्दा बढी सेतो पहेंलो गन्हाउने पानी (स्राव) आएमा तुरुन्तै स्वास्थ्यकर्मीकहाँ जचाउँन जाने वा लग्ने,
- संक्रमित यौन जोडी दुवैले सँगै उपचार गर्ने,
- उपचार गरुन्जेल यौनसम्पर्क नराख्ने,

- चिकित्साकर्मीको सल्लाह अनुसार दुवै जनाले पूर्ण उपचार गर्ने,
- चिकित्साकर्मीको राम्रो सल्लाह लिई कपर-टी राख्ने र पछि नियमित जाँच गराउने,
- महिलाको शरीरमाथि महिलाको आफ्नै नियन्त्रण हुने खालको कानुनी व्यवस्था गर्ने ।
- यौन हिंसा गर्नेलाई उपयुक्त सजायको व्यवस्था र पीडितलाई पूर्ण सहयोगको व्यवस्था गर्ने ।

## ३. फिस्टुला



### फिस्टुला समस्याका मुख्य कारणहरू:

- १८ घण्टाभन्दा बढी प्रसव व्यथा लाग्नु र बच्चाको टाउको योनी मार्गमा धेरै बेरसम्म रहिरहने स्थिति हुनु,
- सुत्केरी हुँदा आवश्यक दक्ष प्राविधिकको सहयोग उपलब्ध नहुनु,
- सानो उमेरमा बच्चा जन्माउनु,
- विभिन्न खाले यौन हिंसाबाट पीडित हुनु,
- पाठेघर खसेका महिलाको शल्यक्रिया राम्री नहुनु ।



## रोकथामका उपायहरू:

- सबै महिलाले सुत्केरी हुँदा दक्ष प्राविधिकको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने,
- सानै उमेरमा बच्चा जन्माउने प्रथाको अन्त्य गर्ने,
- किशोरी अवस्थादेखि नै यौन तथा प्रजनन् स्वास्थ्यका साथै आफ्नो शरीरको बारेमा शिक्षा दिने,
- गर्भवती महिलाले गर्भ जाँच सहजरूपले गराउन पाउने वातावरण निर्माण गर्ने,
- गर्भवती महिलाले पोसिलो खाना खान पाउने व्यवस्था गर्ने,
- सुत्केरी व्यथा लाग्ना साथ परिवारका सदस्यहरूले सहयोग गरी नजिकको स्वास्थ्य केन्द्रमा लैजाने र दक्ष प्राविधिकको सहयोग दिलाउने,
- पाठेघर खसेमा महिलाको शल्यक्रिया उचित तवरले गराउने तथा नियमित अनुगमनको व्यवस्था गर्ने ।

## उपचारका विधिहरू:

- शल्यक्रियाद्वारा फिस्टुलाको उपचार पूर्ण रूपले गर्न सकिन्छ ।
- यस्तो समस्या देखिएमा महिलाहरूलाई तुरुन्त नजिकैको अस्पतालमा पठाउने । त्यहाँ डाक्टरले दिएको सल्लाह अनुरूप काम गर्ने ।
- परिवारमा सदस्यले माया र आवश्यक सहयोग गर्ने ।



## प्रजनन् स्वास्थ्य समस्या समाधान गर्न के गर्न सकिन्छ ?

प्रजनन् स्वास्थ्य समस्या शारीरिक, सामाजिक र मानसिक रूपमा स्वस्थ्य रहन नसक्ने वातावरणको परिणाम हो । त्यसैले यसको दिगो समाधान औषधि, शल्यक्रिया जस्ता कुराहरूबाट मात्रै हुँदैन । यस्ता कुराहरूबाट समस्या केही समयका लागि समाधान भए जस्तो देखिए पनि पूर्ण निर्मूल भने हुन सक्दैन । त्यसैले यिनको दिगो समाधानका लागि निम्न व्यवहारहरू अपनाउनु आवश्यक हुन्छ :

१. समाजमा रहेको महिलाप्रतिको विभेदपूर्ण सोच, धारणा र व्यवहारमा परिवर्तन गर्नु वान्छनीय छ ।

२. महिलामाथि हुने हिंसाको अन्त्य गर्नु अनिवार्य छ ।

३. महिलामुखी स्वास्थ्य सेवाको व्यवस्था आवश्यक छ ।

४. महिलाको स्वास्थ्य सेवा, सूचनाहरूमा पहुँचको सुनिश्चितता गरिनु पर्दछ ।

५. आवश्यकता अनुरूपको कानुन तथा नीतिमा परिवर्तन तथा कार्यान्वयन गरिनु जरुरी छ ।

६. आधारभूत समानताको सिद्धान्त अंगाली सबै तहमा समानताको सुनिश्चितता गरिनु पर्दछ ।

**सबैको लागि स्वास्थ्य, प्रजनन् स्वास्थ्य र सेवामा सबैको पहुँच तथा स्वस्थ्य रहन सक्ने वातावरण निर्माण नभएसम्म यी समस्याहरू समाधान हुन सक्दैन । यो स्थिति महिलामाथि विभेद रहुन्जेल रहि नै रहन्छ । त्यसैले महिलाप्रतिका विभेद अन्त्य गरौं । महिलामुखी स्वास्थ्य सेवा समुदाय तहसम्म स्थापित गरौं । सबैको प्रजनन् स्वास्थ्य सुनिश्चित गरौं ।**

## नेपालमा मातृ र यौन तथा प्रजनन् स्वास्थ्यको अवस्था

१. नेपालमा प्रति १००,००० जीवित जन्ममा २३९ मातृ-मृत्यु भएको पाईएको छ ।

२. ५७% बच्चाहरु स्वास्थ्य संस्था, विशेष गरी सरकारी स्वास्थ्य संस्थामा जन्मिने गरेका छन्, तथापी ४१% बच्चाहरुको जन्म अहिले पनि घरमा नै हुने गरेको छ ।

३. औसतमा महिलाहरुले १७.९ वर्षमा पहिलो विवाह गर्छन र १७% महिलाहरु किशोरी उमेरमै आमा भईसक्छन वा पहिलो बच्चा जन्माउन बाध्य हुने अवस्था छ ।

४. नेपालमा आधा भन्दा बढि (५२%) महिलाहरुले १८ वर्षकै उमेरमा विवाह गर्छन र आधा भन्दा बढी (५३%) विवाहित महिलाहरुले परिवार नियोजनको कुनै न कुनै साधन वा सेवाहरु हाल प्रयोग गरिरहेका छन् ।

५. हाल १५-४९ बर्ष उमेर समूहका १० गर्भवती महिलाहरुमध्ये ८ भन्दा बढि (८४%) महिलाहरुले डाक्टर, नर्स वा अ.न.मी. जस्ता दक्ष प्रसुतीकर्मीहरुबाट गर्भवती सेवा पाएका छन् ।

६. नेपालमा २१.४% महिलाहरुमा (३४-६४ वषका) पाठेघरको मुखको क्यान्सर देखिएको थियो । पाठेघरको मुखको क्यान्सर जााच, अहिले ६४ वटा जिल्लामा विस्तार गरिएको छ ।

७. नेपालमा करिब ३ सय देखि ५ सय प्रजनन् उमेरका महिलाहरुलाई वर्षेनी फिस्टुलाबाट ग्रसित हुने सम्भावना रहेको छ । २०७३-७४मा १२० जना महिलाहरुले निशुल्क फिस्टुलाको उपचार पाएका छन् ।

(NDHS 2016, National Health policy-2071)

## फिस्टुला उपचार हुने प्रमुख स्वास्थ्य संस्थाहरु

**वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान**
धरान, फोन नं. : ०२५५२१०१७, ०२५५२५५५५
प्रमुख सम्पर्क व्यक्ति : डा. मोहन चन्द्र रेग्मी

**आई.एन.एफ.नेपाल (सुर्खेत क्षेत्रीय अस्पताल)**
सुर्खेत, फोन नं. : ०८३५२०१०५, ०८३५२१०५९, ०८३५२०९१५
प्रमुख सम्पर्क व्यक्ति : डा. सेली हेहुड

**पाटन अस्पताल**
ललितपुर, फोन नं. : ०१५५२२२७८, ०१५५२२२६६
प्रमुख सम्पर्क व्यक्ति : डा. संजय श्रेष्ठ

**परोपकार प्रसुती गृह र महिला अस्पताल**
(प्रसुती गृह) काठमाण्डौं,
फोन नं. : ०१४२५३२७७, ०१४२५३२७६
प्रमुख सम्पर्क व्यक्ति : डा. उषा ठान

**काठमाडौं मोडेल अस्पताल**
काठमाण्डौ, फोन नं. : ०१४२२२४५०
प्रमुख सम्पर्क व्यक्ति : डा. गणेश दंगाल, अरुना कार्की, हेमा प्रधान

## फिस्टुला अन्त्यका लागि ओरेक नेपालको राष्ट्रिय अभियान : सर्म्पक कार्यालय

**ललितपुर (बालकुमारी)**
फोन नं.: ०१-५१८६३७४
हट्लाइन नम्बर:
१६६०-०१-७८९१०
ईमेल : ics@worecnepal.org

**उदयपुर (राजावास)**
फोन नं. ९८५२८३२५०४

**सिराहा (लाहान)**
फोन नं.: ०३३-५६२४४१

**मोरङ्ग (विराटनगर)**
फोन नं.: ०२१ -४७०२३८
हट्लाइन नम्बर:
१६६०-२१-५२०००

**धनुषा (जनकपुर)**
फोन नं.: ०४१ -५२२६०९

**दाङ (तुलसीपुर)**
फोन नं.: ०८२ -५१८७६३६
हट्लाइन नम्बर :
१६६०-८२-५६१११

**कैलाली (धनगढी)**
फोन नं.: ०९१ -५२५२६१

**सिन्धुली**
फोन नं.: ०४७-५२१२०६

**बर्दिया**
फोन नं.: ०८४-४२०१६८

**सुनसरी**
फोन नं.: ९८५२०२४७९०








महिला स्वास्थ्य मेला






ओरेक नेपाल
ललितपुर, नेपाल
फोन : ०१ ५१८६०७३
वेवसाइट : www.worecnepal.org


Australian AID

UNFPA
संयुक्त राष्ट्र जनसंख्या कोष